आज मिति २०८३ साल असोज महिनाको १३ गते चुमनुब्री गाउँ कार्यपालिकाका अध्यक्ष श्री निमा लामा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरि निर्णय गरियो।

**उपस्थिति:**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | निमा लामा | |
| २ | उपाध्यक्ष | लक्ष्मी गुरुङ | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | कर्मा छेवाङ लामा | |
| ४ | का.वा. वडा अध्यक्ष वडा नं. २ | पेम्बा छिरिङ लामा | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | रामकुमार गुरुङ | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | पेमा ग्यलपो लामा | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | कालेन छेवाङ | |
| ८ | का.वा. वडा अध्यक्ष वडा नं. ६ | ठिन्ले घ्याम्छो लामा | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | टसी दोर्जे लामा | |
| १० | कार्यपालिका सदस्य | सुनाम साङमो | |
| ११ | कार्यपालिका सदस्य | छिरिङ भुटी लामा | |
| १२ | कार्यपालिका सदस्य | ढोलमा लामा | |
| १३ | मनोनित कार्यपालिका सदस्य (अल्पसंख्यक) | रुवेश घले | |
| १४ | मनोनित कार्यपालिका सदस्य(दलित) | गणेश विश्वकर्मा | |
| १५ | सदस्य सचिव | मनोज लामिछाने | |

**अन्य उपस्थिति :**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | सहायक लेखा अधिकृत | रविन मिश्र | |
| २ | सहायक प्रशासकीय अधिकृत | पवन सुवेदी | |
| ३ | कार्यालय सहयोगी | लक्ष्मी गुरुङ | |
| ४ | कार्यालय सहयोगी | संगिता लिम्बु | |

कार्यपालिका बैठक मिति : २०८३।०६।१३ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८३।०६।०६ गते।

**मिति २०८३।०६।१३ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू**

१. निर्णय समिक्षा सम्बन्धमा।
२. कार्यविधि सम्बन्धमा।
३. चुमनुब्री गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८३ सम्बन्धमा।
४. चुमनुब्री गाउँपालिकाको खानेपानी तथा सरसफाई मापदण्ड, २०८३ सम्बन्धमा।
५. चुमनुब्री गाउँपालिका बाँझो तथा उपयोगविहीन जग्गा उपयोग रणनीति, २०८३ सम्बन्धमा।
६. सँस्थागत सुत्केरी थप प्रोत्साहन भत्ता सम्बन्धमा।
७. कर्मचारी व्यवस्थापन सम्बन्धमा।
८. देवल गाउँ वस्ति स्थानान्तरण सम्बन्धमा।
९. कर्मचारी पुरस्कार सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले अघिल्लो बैकठमा गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने।
२. विभिन्न कार्यक्रम सञ्चालनलाई व्यवस्थित तथा नियमित गर्न तपसिलका कार्यविधिहरू स्विकृत गर्ने।

    तपसिल

    क. विपन्न नागरिक, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि एक घर एक शौचालय निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
    ख. विपन्न घरपरिवार जस्ता छाउने कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
    ग. पदमार्ग सरसफाई कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
    घ. चुमनुब्री गाउँपालिका लुङटाङ गुम्बा संरक्षण कार्यविधि, २०८३

३. गाउँपालिकामा बालबालिकाको सर्वोत्तम हित, भेदभावरहितता, जीवन, विकास, संरक्षण तथा बाल सहभागिताका सिद्धान्तलाई स्थानीय शासनको नीति, योजना, कार्यक्रम, सेवा प्रवाह तथा संस्थागत व्यवहारमा मूलप्रवाहीकरण गर्न चुमनुब्री गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८३ स्विकृत गर्ने।
४. खानेपानीका स्रोतको संरक्षण, खानेपानी प्रणालीको दिगो सञ्चालन तथा मर्मतसम्भार, पूर्ण सरसफाइ, फोहोरमैला तथा फोहोरपानी व्यवस्थापन र स्वच्छता प्रवर्द्धन गरी जनस्वास्थ्य तथा वातावरण संरक्षण गर्ने उद्देश्यले चुमनुब्री गाउँपालिकाको खानेपानी तथा सरसफाइ मापदण्ड, २०८३ स्विकृत गर्ने।
५. भूमिको उपयुक्तता र भू–उपयोग वर्गीकरणअनुसार भूमि उपयोग गर्ने, कृषि भूमिलाई उत्पादनमा ल्याउने, निजी जग्गाधनीको स्वामित्व अधिकारको सम्मान गर्ने तथा इच्छुक कृषक, समूह, सहकारी र निजी

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

निमा लामा
अध्यक्ष

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

क्षेत्रको सहभागितामा बाँझो तथा उपयोगविहीन जग्गालाई उत्पादन र आयआर्जनसँग जोड्ने उद्देश्यले चुमनुब्री गाउँपालिका बाँझो तथा उपयोगविहीन जग्गा उपयोग रणनीति, २०८३ स्विकृत गर्ने ।

६. चुमनुब्री गाउँपालिका भित्र स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुलाई संघीय सरकारबाट हाल रू ३००० उपलब्ध गराउने व्यवस्था भएको, गाउँपालिका तर्फबाट रू १२०० थप सँस्थागत प्रोत्साहन भत्ता उपलब्ध गराउँदै आईएकोमा सँस्थागत सुत्केरी हुने दरलाई वृद्धि गरी १०० प्रतिशत सँस्थागत सुत्केरी दर पुर्याउन गाउँपालिकाबाट रू ३००० थप गरी कुल रू ६००० उपलब्ध गराउने ।

७. चुमनुब्री गाउँपालिका अन्तर्गत रहेका सामुदायिक स्वास्थ्य ईकाईहरूमा ज्यालादारीमा मासिक रू ७०००.०० (सात हजार) सम्म पारिश्रमिक पाउने गरी कार्यालय सहयोगी र गाउँपालिकामा सञ्चालित युवा रोजगारी सिर्जना कार्यक्रमको लागि रोजगार प्राविधिक चौथौ तहको कर्मचारी करार सेवामा नियुक्ती गरी पारिश्रमिक आ व २०८३।८४ को वार्षिक स्विकृत कार्यक्रम करार सेवा शुल्क (सामाजिक सुरक्षा कोष समेत) शिर्षकबाट नियमानुसार भुक्तानी दिने ।

८. चुमनुब्री गाउँपालिका वडा नं ३ देवल गाउँ पहिरोको कारण वस्ती उच्च जोखीममा रहेको, घरहरू पूर्ण रूपमा क्षति भएको, पुरै गाउँको जमिन भाँसिएको कारणले वस्ती स्थानान्तरण गर्नु पर्ने भएको हुँदा Bipad Portal मा ईन्ट्रि भई ३ नं वडा कार्यालय सिर्दिवास गोरखाको च नं ९७, मिति २०८३।०६।१२ को पत्र तथा निर्णय सहित लेखी आएका ८३ घरधुरीलाई विपद क्षति लाभग्राही कायम गर्न र वस्ति स्थानान्तरणका लागि आवश्यक व्यवस्था हुन जिल्ला विपद व्यवस्थापन समिति गोरखामा लेखि पठाउने ।

९. चुमनुब्री गाउँपालिकामा लामो समयदेखि कामकाज गरी अन्यत्र सरूवा भई जान लागेका तपसिल बमोजिमका कर्मचारीहरूलाई कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकबाट पुरस्कार स्वरूप तपसिलमा उल्लेख भएबमोजिम रकम नियमानुसार करकट्टी गरि भुक्तानी दिने ।

| सि नं | कर्मचारीको नामथर | पद | गा पा मा सेवा अवधि | पुरस्कार रकम रू. | कै |
|---|---|---|---|---|---|
| १ | मनोज लामिछाने | प्रमुख प्रशासकीय अधिकृत | ३ वर्ष भन्दा बढि | ५० हजार | |
| २ | सन्दीप रेग्मी | सहायक कम्प्युटर अधिकृत | ६ वर्ष भन्दा बढि | ३० हजार | |

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

निमा लामा
अध्यक्ष